भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

# भीमेश्वर नगरपालिका

## चरिकोट, दोलखा

## नगर कार्यपालिकाको ४७औं बैठकका प्रस्तावहरु

मिति २०८२/०८/१२ गते

१. कार्यपालिकाको गत बैठकको समीक्षा सम्वन्धमा ।

२) भीमेश्वर - जनकपुरधाम भगिनी सम्वन्ध अन्तर्गत कार्ययोजना तयार गर्ने सम्वन्धमा ।

३). स्थानीय वन व्यवस्थापन तथा सन्चालन कार्यविधि तयार गर्ने सम्वन्धमा ।

४) कृषि उपज बजार व्यवस्थापन सन्चालन कार्यविधि तयार गर्ने सम्वन्धमा ।

५. प्रदेश सरकार र स्थानीय तहको लागत सहभागितामा सूचना प्रविधिमा आधारित कृषि उपज केन्द्र निर्माण सम्वन्धमा ।

६. सङ्घीय सरकारको विशेष अनुदान अन्तर्गत विपन्न नागरिक आयआर्जन कार्यक्रम सम्वन्धमा ।

७. प्रदेश सरकारको विशेष अनुदानको जलवायु अनुकुलन कार्यक्रम सम्वन्धमा ।

८ २ नं. वडा कार्यालयको नयाँ भवन सन्चालन सम्वन्धमा ।

९. झोलुंगे पुल आयोजनाको म्याद थप सम्वन्धमा ।

१०. आ.व. २०८१/०८२ मा सन्चालन भैसकेका आयोजनाहरुको भुक्तानी सम्वन्धमा ।

११, विद्युतीय नक्सापास (eBPS) को सफ्टवयर सम्वन्धमा ।

१२. घुम्ती - लामागाउँ - वडा कार्यालय - यार्सा सडक निर्माणको कार्यस्थल सम्वन्धमा ।

१३. १० लाख भन्दा ठुला आयोजना सन्चालन विधि सम्वन्धमा ।

१४. चरिकोट ढल आयोजनाको सन्चालन सम्वन्धी व्यावसायिक योजना सम्वन्धमा ।

१५. शहरी शासकीय आयोजनास्थल संशोधन सम्वन्धमा ।

१६. टोल विकास संस्था पुनर्गठन, जिम्मेवारी तथा कार्यक्रम सन्चालन सम्वन्धमा ।

१७. प्लास्टिकजन्य वस्तुको प्रयोग न्यूनीकरण गर्ने सम्वन्धमा ।

१८. नयाँ झोलुंगे पुल माग सम्वन्धमा ।

१९. भीमेश्वर नगरपालिकाको राष्ट्रिय/अन्तरराष्ट्रिय सम्वन्ध र विस्तार कार्यदल गठन सम्वन्धमा ।

२०. सार्वजनिक पर्यटकीय पूर्वाधार संरक्षण र सन्चालन सम्वन्धमा ।

२१ सडक कित्ताकाट सम्वन्धमा ।

२२. औधोगिक ग्राममा निर्मित कोल्डस्टोर सन्चालन सम्वन्धमा ।

२३. बाख्रा पकेट विकास कार्यक्रम सन्चालन सम्वन्धमा ।

प्रसाद सुवेदी
अधिकृत

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा

२४ स्थानीय मदिरा ब्राण्डिङ गर्ने सम्वन्धमा ।

२५. तपसिलको कार्यविधि तर्जुमा गर्ने सम्वन्धमा ।

क) जटिल रोगीहरुलाई औषधी उपचारको लागि आर्थिक सहायता उपलव्ध गराउने कार्यविधि, २०८२

ख) मोतिबिन्दु शल्यक्रिया खर्चमा रकम उपलव्ध गराउने कार्यविधि, २०८२

ग) तेस्रो सन्तान प्रोत्साह कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ (पहिलो संशोधन)

२६) स्वास्थ्य जनशक्ति (करार) पदपूर्ति सम्वन्धमा ।

२७) असाधारण बिदा स्वीकृत सम्वन्धमा ।

२८) आयुर्वेद तथा बैकल्पिक चिकित्सालयको जग्गा सम्वन्धमा ।

२९) गरुडदल गणले उपभोग गरेको भवन तथा जग्गा सम्वन्धमा ।

३०) करार सेवाबाट अवकाश कर्मचारीलाई सेवा सुविधा प्रदान गर्ने सम्वन्धमा ।

३१) पशुपति चौलागाईं स्मृति अस्पतालबाट बेड र बेन्च कभर माग सम्वन्धमा ।

३२) विज्ञापन कर सम्वन्धमा ।

३३) विविध सम्वन्धमा ।

क) कार्यालय रङ्गरोगन सम्वन्धमा ।

ख) असल अभ्यास कार्यक्रम खर्च सम्वन्धमा ।

ग) सवारी साधन लिलाम सम्वन्धमा ।

घ) वडा नं ८ को पुरानो काठ जस्ता लिलाम सम्वन्धमा ।

ङ) देउराली अस्थायी पोस्ट निर्माण सम्वन्धमा ।

च) लालीगुराँस युवा क्लव, चरिकोटबाट जात्रापर्व खर्च माग सम्वन्धमा ।

छ) फुटबल खेल संचालन तथा सहभागिताका लागि आर्थिक सहयोग माग सम्वन्धमा ।

ज) सिसिटिभी क्यामरा जडान सम्वन्धमा ।

झ) योजनाको लागि बजेट माग सम्वन्धमा ।

ञ) पशु सेवा स्वयंसेवक सम्वन्धमा ।

ट) बजार क्षेत्र सरसफाई सम्वन्धमा ।

ठ) स्थानीय अनुकुलन योजना सम्वन्धमा ।

ड) धन्यवाद सम्वन्धमा ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

निर्णय नं. १ : यस अघि भएको नगर कार्यपालिकाको ४६औं बैठकको कार्यान्वयन सम्वन्धी समीक्षा गरियो ।

निर्णय नं. २ : यस नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका बीच भएको भगिनी सम्वन्धलाई थप प्रभावकारी बनाउन मिति २०८१/०९/११ गते बसेको नगर कार्यपालिकाको ३६औ बैठकबाट सामाजिक विकास समितिका संयोजक एवम् वडा नं. २ का वडा अध्यक्ष स्टालिन श्रेष्ठको संयोजकत्वमा गठित ६ (छ) सदस्यीय कार्यदलमा थप २ (दुई) सदस्यहरु नगर प्रवक्ता/वडा नं. ४ का वडा अध्यक्ष तारानाथ चौलागाई र  कार्यपालिका सदस्य मिना बि.क.लाई मनोनयन गर्ने निर्णय गरियो । साथै यस नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका बीच भएको भगिनी सम्वन्ध मार्फत ऐतिहासिक, साँस्कृतिक. पर्यटकीय तथा आर्थिक लगायतको अध्ययन एवम् आदानप्रदान लगायत क्रियाकलापहरु सन्चालनको लागि कार्ययोजना निर्माण तथा समन्वय गर्न देहायको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | श्री स्टालिन श्रेष्ठ, संयोजक, सामाजिक विकास समिति |
| सदस्य | श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत |

निर्णय नं. ३ : भीमेश्वर नगरपालिकाको स्थानीय वन ऐन, २०८० को दफा ३४ बमोजिम स्थानीय वन कार्यविधि यस नगरपालिकाको बिधायन समिति मार्फत तयार गरी कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : भीमेश्वर नगरपालिका वडा नं. ३ सातदोबाटो, कृषि बजार क्षेत्रमा रहेका भौतिक पुर्वाधारहरुको व्यवस्थापन र कृषि उपज बजारको संचालनको लागि कृषि उपज बजार व्यवस्थापन तथा सन्चालन कार्यविधि यस नगरपालिकाको बिधायन समिति मार्फत तयार गरी कार्यपालिकाको आगामी बैठकमा पेश निर्णय गरियो ।

निर्णय नं. ५ : बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज केन्द्र स्थापना/सुदृढीकरण एवम् सन्चालन कार्यक्रम भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित कृषि उपज बजार क्षेत्रमा निर्माण गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६ : सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमको विशेष अनुदान अन्तर्गत उत्पादनमा आधारित विपन्न नागरिक आयआर्जन कार्यक्रम सन्चालन गर्न कार्यविधि तथा कार्ययोजना निर्माण गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्नका लागि तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

मानन्धर

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

संयोजक : श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६

सदस्य : श्री बासु श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ५

सदस्य : श्री माधव थामी, वडा अध्यक्ष, वडा नं. १

सदस्य : श्री किरण वली, कार्यपालिका सदस्य

सदस्य सचिव : श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत

निर्णय नं. ७ : प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको विशेष अनुदान अन्तर्गत जलवायु अनुकुलन कार्यक्रमबाट विपद व्यवस्थापन अन्तर्गत नसु पहिरो नियन्त्रण, भीनपा २, दोलखा बजारमा कार्यान्वयन गर्नका लागि रु ८,००,०००/- (आठ लाख) बिनियोजन गर्ने र उक्त शिर्षकको बाँकी बजेट कार्यान्वयनका लागि आगामी कार्यपालिकाको बैठकमा कार्यक्रम पेश गर्न यस नगरपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८ : भीमेश्वर नगरपालिका, २ नं. वडा कार्यालयको नवनिर्मित भवनबाट मिति २०८२ मङ्सिर २५ गतेबाट सेवा प्रवाह सुरु गर्ने र सो को लागि आवश्यक फर्निचर/फर्निसिंग यस कार्यालयले व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : यस नगरपालिका क्षेत्रभित्र निर्माणाधीन तपसिलका झोलुंगे/ ट्रस पुलहरु निर्माण आयोजनाको म्याद २०८१ असार मसान्तमा समाप्त भएकोले २०८२ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

क) पुला खोला झोलुंगे पुल, भीनपा १

ख) कुथली खोला झोलुंगे पुल, भीनपा १

ग) भुतछहरा ट्रस पुल, भीनपा ७

घ) सुलिस खोला ट्रस पुल, भीनपा ९

निर्णय नं. १० : यस नगरपालिकाको गत आ.व. २०८१/०८२ मा स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन भई भुक्तानी हुन बाँकी रकम, यस आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा बिनियोजन भएको शि.नं. २०२ को गत आ.व.को भुक्तानी हुन बाँकी चालु शीर्षक र शि.नं. २७२ को गत आयोजना तथा कार्यक्रम भुक्तानी हुन बाँकी पुँजीगत शीर्षकबाट तपसिल बमोजिम

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

आयोजना/कार्यक्रमको प्रमाणित कागज प्रमाणको आधारमा भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

| क.सं. | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|
| १ | गौरीशंकर सामुदायिक होमस्टे वडा नं ६ | १०५,०००/- |
| २ | राउत गाउँ खानेपानी मर्मत | १५०,०००/- |
| ३ | टावरचेक सिमपानी फास्टटयाक सडक नाला | ३००,०००/- |
| ४ | तुतुरवती ठाडो बाटो निर्माण उ.स. वडा नं २ | ५०,०००/- |
| ५ | उखुवारी शिव मन्दिर आयोजना उ.स. वडा नं ७ | १५०,०००/- |
| ६ | चरिकोट बजार खानेपानी मर्मत वडा नं ३ | ४५०,०००/- |
| ७ | सामुदायिक उपभोक्ता महासंघ नेपाल | १४०,४००/- |
| ८ | अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्र | १५०,०००/- |
| ९ | विटिसि ग्रुप प्रालि | ८४,०००/- |
| १० | बासथाला झिंगान खानेपानी उपभोक्तासमिति | ७४,४४८/- |
| ११ | दोलखा उद्योग वाणिज्य संघ | ४००,०००/- |
| १२ | हिरावहादुर श्रेष्ठ वडा नं ५ | ५०,०००/- |
| १३ | रुपेश श्रेष्ठ | १००,०००/- |
| १४ | मैदाने कृषि तथा पशुपन्छी फर्म वडा नं ६ | १००,०००/- |
| १५ | बाझोघारी खानेपानी भाँगे सिंचाई उपभोक्ता समिति ८ | ३५,०००/- |
| १६ | बाँसघारी पाँचघरे सडक तथा नास्पातीटोल गोरेटो बाटो आयोजना उपभोक्ता समिति वडा नं ५ | १००,०००/- |
| १७ | सेतीदेवी मन्दिर मर्मत उपभोक्ता समिति वडा नं ३ | १००,०००/- |
| १८ | कालिदेवी सडक स्तरोउन्नती उपभोक्ता समिति वडा नं ९ | ५०,०००/- |
| १९ | धनपाते मागाफेदी सडक घाटे वाटो आयोजना उपभोक्ता समिति वडा नं ५ | १५०,०००/- |
| २० | राधाकृष्ण मन्दिर जिम्वु धारा पुननिर्माण उ.स. वडा न-५ | १५०,०००/- |
| २१ | पुलाखोला भुनग्रेनागी थापान्थली सडक स्तरोनन्ती वडा नं १ | १५०,०००/- |
| २२ | ढुङ्गेधारा निर्माण उपभोक्ता समिति वडा नं ७ | १००,०००/- |
| २३ | खेलकुद कार्यक्रम - विष्णवहादुर खत्री | ८५,४००/- |

| | | |
|---|---|---|
| २४ | दिवा खाजा काक्रम ३९ वटा विद्यालय | ४२८,१९५/- |
| २५ | अग्रजी माध्यम पुस्तक साझेदी विद्यालयलाइ निकासा | ७६९,५८१/- |
| २६ | नेपाल ट्रेड यूनियन महासंघ | ४५,०००/- |
| २७ | यूनिक आइडियल गाडी मर्मत | ६११,०८९/- |
| २८ | अल्पाइन देखि पाटीखोला हिमपाइप | ५००,०००/- |
| २९ | सिमपानी वन उपभोक्ता समिति | २००,०००/- |
| ३० | जिलु एकृतिक बस्ती सर्भे परामर्श सेवा | २२५,०००/- |
| ३१ | औद्योगिक ग्रम ट्रष्ट | १,०००,०००/- |
| ३२ | विभिन्न ठेक्काको जम्मा (पाटीखोला- उखुवारी सडक, रामजानकी चिम्सेगाडे सडक र झोलुंगे पुल स्टिल पार्टस खरिद) | १०,०००,०००/- |
| ३३ | मानस्वी होटल | ५६४००/- |
| ३४ | विद्यालय कार्यालय सहयोगी उपदान -राजकुलेश्वर | ९६,०००/- |
| ३५ | अन्य चुच्चे नक्शा र बोच प्रहरि चौकी भान्शा सामान खरिद | १०९,१५०/- |
| | जम्मा | १७,२६४,६६३/०० |

निर्णय नं. ११ : मिति २०७८ सालदेखि यस नगरपालिकामा भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल (NSET) को सहयोगमा सन्चालनमा रहेको घरनक्सा सफ्टवेयर २०८१ फागुनदेखि NSET बाट दिँदै आएको प्राविधिक सहयोग निरन्तर हुन नसकेको कारण उक्त सफ्टवेयरको डाटा नेपाल सरकारको एकिकृत डाटा व्यवस्थापन केन्द्र (IDC) मा ट्रान्सफरका लागि NSET लाई अनुरोध गर्ने साथै उक्त सफ्टवेयर सन्चालन र आवश्यक परिमार्जनका लागि नियमानुसार विज्ञ परामर्श सेवा लिई पुनः सन्चालनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२ : प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) अन्तर्गत घुम्ती - लामागाउँ - वडा कार्यालय - यार्सा सडक भीनपा ८ को कार्यस्थल एकिन सम्वन्धमा ८ नं. वडाका वडा अध्यक्षको रोहवरमा सम्वन्धित लाभग्राहीहरुको मिति २०८२/०७/२४ को भेलाबाट भएको सिफारिस बमोजिम उक्त सडकको लामागाउँ - वडा कार्यालय खण्डमा नयाँ ट्र्याक खोल्ने र सन्चालन भईरहेको सडक खण्ड स्तरोन्नति गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

निर्णय नं. १३ : यस नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गत रु १० लाखभन्दा माथिका आयोजनाहरुको कार्यान्वयन गर्ने सम्वन्धमा नियामक निकायहरुको निर्देशन बमोजिम प्राविधिक रुपले जटिल प्रकृतिका संरचना सम्वन्धी आयोजना ठेक्का प्रक्रियाबाट र सो बाहेकका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : भीमेश्वर नगरपालिका वडा नं. ३, ४ र ६ क्षेत्रभित्र निर्माणाधीन चरिकोट ढल आयोजना सन्चालन गर्न व्यावसायिक योजना (Business Plan) तयार गरी आगामी नगरसभामा पेश गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : श्री नविन कुमार लामा, वडा अध्यक्ष, वडा नं. ६

सदस्य : श्री तारानाथ चौलागाईं, वडा अध्यक्ष, वडा नं. ४

सदस्य : श्री हरिशरण शिवाकोटी वडा अध्यक्ष, वडा नं. ३

सदस्य : श्री बासु श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. ५

सदस्य : श्री नारायण प्रसाद सेढाई, बरिष्ठ शाखा अधिकृत

सदस्य : ई. सुरेश राउत, ईन्जिनियर

सदस्य सचिव : श्री रामजी थापा, ईन्जिनियर (सम्पर्क अधिकृत, चरिकोट ढल आयोजना)

निर्णय नं. १५ : भीमेश्वर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रममा देहायका आयोजनाहरुको कार्यस्थल संशोधनका लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले आगामी नगरसभामा पेश हुने गरी तपसिल बमोजिम कार्यस्थल संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| बजेट शि.नं. | साविकको योजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| शहरी शासकीय | पशुपतिडाँडा सिटी हल रेलिंग कार्य तथा सातदोवाटो गार्डेन क्षेत्र सौन्दर्यकारण | १० लाख | सातदोवाटो क्षेत्र पूर्वाधार तथा सौन्दर्यकरण | १० लाख |

निर्णय नं. १६ : भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका टोल विकास समिति, टोल सुधार तथा सरसफाई समितिहरुलाई पुनर्गठन गरी थप प्रभावकारी वनाउन उक्त संस्थाहरुलाई योजना तथा अनुगमन शाखा मार्फत परिचालन गर्ने निर्णय गरियो ।

...ण प्रसाद सुवेदी
...कीय अधिकृत

उप प्रमुख

...नारायण मानन्धर

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

निर्णय नं. १७ : भीमेश्वर नगरपालिका क्षेत्र भित्रको वातावरणीय स्वच्छता कायम राख्न प्लास्टिकजन्य वस्तुहरुको प्रयोगलाई न्यूनीकरणका लागि पहिलो चरणमा यस नगरपालिकाको वडा नं. २, ३ र ६ स्थित मुख्य बजार क्षेत्र (दोलखा र चरिकोट बजार) र सडक आसपास सो सम्वन्धी कार्यक्रम ग्लोबल ह्यान्ड्स, भीनपा ६ को समन्वयमा सन्चालन गर्न डिभिजन वन कार्यालय, दोलखा, जनस्वास्थ्य कार्यालय, दोलखा लगायत निकायहरुसँग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : स्थानीय पुर्वाधार विकास विभाग, झोलुंगे पुल शाखाको पत्रानुसार यस नगरपालिका क्षेत्रभित्र निर्माण गर्न अति आवश्यक भएकोले तपसिलका झोलुंगे पुलहरु आयोजना तथा कार्यक्रममा समावेश गरिदिन स्थानीय पूर्वाधार विकास विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

क) मर्याङ खोला झो.पु., भीनपा २ र ४

ख) टारी खोला झो.पु, भीनपा १

ग) अधेरी खोला झो.पु, भीनपा १

घ) देउरालीडाँडा झो.पु, भीनपा ६

ङ) रामकोटडाँडा, झो.पु, भीनपा ६

निर्णय नं. १९ : यस नगरपालिकासँग राष्ट्रिय र अन्तरराष्ट्रिय रुपमा विकास निर्माण र सेवा प्रवाह भएका असल अभ्यासलाई आत्मसात गर्न देश भित्रका स्थानीय तह र वैदेशिक राष्ट्र वा स्थानीय तहहरुसँग भगिनी सम्वन्ध समेतको कार्य गर्न तपसिल बमोजिमको तपसिल बमोजिम एक सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : श्री ईश्वर नारायण मानन्धर, नगर प्रमुख

सदस्य : श्री कमला बस्नेत, नगर उपप्रमुख

सदस्य : श्री विष्णु प्रसाद सुवेदी, प्रमुख प्रशासकीय अधिकृत

सदस्य : श्री तारानाथ चौलागाई, प्रवक्ता/वडा अध्यक्ष, वडा नं. ४

सदस्य : श्री किरण वली, कार्यपालिका सदस्य

सदस्य : ई. सुरेश राउत, ईन्जिनियर

सदस्य सचिव : ई. नारायण प्रसाद शिवाकोटी, ईन्जिनियर

भीमेश्वर नगरपालिका
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

उप प्रमुख

नारायण मानन्धर

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

निर्णय नं. २० : यस नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक पर्यटकीय पूर्वाधारहरु सन्चालन तथा व्यवस्थापन गर्न विधायन समिति मार्फत कार्यविधि तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : यस नगरपालिका क्षेत्रभित्र रहेका नगर यातायात गुरुयोजनामा समेटिएका सडकहरुको निर्धारित सडकको क्षेत्राधिकार (Right of Way) कित्ताकाटको कार्य अगाडि बढाउन मालपोत कार्यालय, दोलखा र नापी कार्यालय, दोलखाको समन्वयमा हाल यस नगरपालिकाको वडा नं. ४, ३ र २ मा पर्ने बालगृह - तिखातल सडकको कित्ताकाट गरी बाटो कायम गर्ने प्रक्रिया अगाडि बढाउन देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : तारानाथ चौलागाईं, प्रवक्ता/वडा अध्यक्ष, वडा नं. ४

सदस्य : स्टालिन श्रेष्ठ, वडा अध्यक्ष, वडा नं. २

सदस्य : हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं. ३

सदस्य : भविन्द्र थापा, सहायक ईन्जिनियर

सदस्य : दिपेन्द्र कुमार यादव, अधिकृत (सर्भे)

सदस्य सचिव : ई. सुरेश राउत, ईन्जिनियर

निर्णय नं. २२ : भीमेश्वर नगरपालिका वडा नं. ७ भुलभुलेमा रहेको औद्योगिक ग्राममा निर्माण भएको संरचनाहरु (चिस्यान केन्द्र) लगायत सन्चालन तथा व्यवस्थापन गर्ने कार्यविधि तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

निर्णय नं. २३ : आ.व. २०८२/०८३ को लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत सि.नं. ११२ को बाख्राको नयाँ पकेट विकास कार्यक्रम १, २, ४ र ५ नं. वडामा निर्धारित कार्यविधि बमोजिम सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४ : भीमेश्वर नगरपालिका क्षेत्रभित्र स्थानीयस्तरमा उत्पादन गरिने मदिरालाई प्याकेजिंग, लेवलिंग तथा ब्राण्डिङ गरी बिक्री वितरण गर्न/गराउन कार्यविधि तयार गर्न आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २५ : यस कार्यालयको तपसिलको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

[illegible] उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउने कार्यविधि, २०८२

ख) मोतिबिन्दु शल्यक्रिया आर्थिक सहयोग कार्यविधि, २०८२

ग) तेस्रो सन्तान प्रोत्साह कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ (पहिलो संशोधन)

निर्णय नं. २६ : सङ्घीय सशर्त कार्यक्रम अन्तर्गत यस नगरपालिकामा रिक्त रहेको, बागमती प्रदेश लोक सेवा आयोगबाट विज्ञापन नहुने अ.हे.व. र अ.न.मी. (सहायकस्तर चौथो) पद ३ र २ तथा आन्तरिक श्रोतबाट व्यवस्थापन हुने गरी शहरी/आधारभूत स्वास्थ्य केन्द्रहरुका लागि अ.हे.व. र अ.न.मी. (सहायकस्तर चौथो) पद ३ र १ नेपाल सरकारको स्वास्थ्य संस्थामा रिक्त रहेका पदमा चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ बमोजिम पदपूर्ति गर्न देहाय बमोजिमको सिफारिस/छनौट समिति गठन गर्ने निर्णय गरियो । सो प्रक्रियाका लागि प्रमुख प्रशासकीय अधिकृतलाई सम्पूर्ण जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | विषय विज्ञ |
| सदस्य सचिव | स्वास्थ्य शाखा प्रमुख |

निर्णय नं. २७ : यस नगरपालिका अन्तर्गत सुष्पाक्षमावती स्वास्थ्य चौकीमा सि.अ.हे.व. (सहायक पाँचौ) पदमा कार्यरत चण्डिका उप्रेतीले आफ्नो घरायसी समस्या देखाई असाधारण बिदा पाउँ भनी निवेदन पेश भई आएकोले बागमती प्रदेश, स्थानीय सेवा (गठन तथा सन्चालन) ऐन, २०७९ को दफा ६० (१) बमोजिम विदा अवधि समाप्त लगत्तै कार्यालयमा हाजिर हुने गरी २०८२ कार्तिक १ गतेदेखि लागू हुने गरी १ वर्ष असाधारण बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २८ : आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, चरिकोट, दोलखाले यस नगरपालिका क्षेत्रमा चिकित्सालयको भवन पूर्वाधार निर्माणका लागि सिमपानी क्षेत्रको जग्गा सिफारिस गरिदिन अनुरोध भई आएकोले भीमेश्वर नगरपालिका वडा नं. ६ सिमपानी क्षेत्रमा रहेको सार्वजनिक जग्गामा निर्माण भएको भवन/हल यथावत कायम राखी बाँकी जग्गा आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको लागि प्रचलित कानून बमोजिम प्राप्त गर्ने गरी सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं. २९ : भीमेश्वर नगरपालिका वडा नं. ६ सिमपानी चरिकोटस्थित १.७३ दामको जग्गा र सो जग्गामा बनेको यस कार्यालयको १ (एक) तले आर.सि.सि. भवन, कि.नं. १००८, क्षेत्रफल ३ रोपनी ३ आना १ पैसा भएको जग्गा नेपाली सेनाले बि.स. २०५८ सालदेखि प्रयोग गरिरहेको र

उक्त जग्गा र भवन नेपाली सेनाको नाममा भोगाधिकार कायम गरी पाउँ भनी अनुरोध पत्र पेश भई आएकोले प्रचलित कानून बमोजिम प्राप्त गर्ने गरी सिफारिस दिने निर्णय गरियो ।

निर्णय नं. ३० : यस कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत देहायका कर्मचारीले उमेरको हदका कारण सेवाबाट अलग हुनुभएकोले भीमेश्वर नगरपालिकाद्वारा मिति २०८०/११/१६ मा स्थानीय राजपत्र प्रकाशन गरी जारी गरिएको करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ३ (१) बमोजिम देहाय अनुसारको सेवा अवधि पूरा गरेका करार सेवाका कर्मचारीलाई तपसिल बमोजिमको सुविधा प्रदान गर्ने भनी उक्त ऐनको दफा ७ (२) बमोजिम गठित कोष सन्चालक समितिको मिति २०८२/०५/१६ को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| नाम, थर | पद/तह | शुरु नियुक्ति मिति | | सेवा अवधि | पाउने रकम |
|---|---|---|---|---|---|
| ठुली तामांगनी | कार्यालय सहयोगी | २०६५/०५/१९ | २०८२/०३/३२ | १६ वर्ष ८ महिना | ३,४९,९४५/- |

निर्णय नं. ३१ : भीमेश्वर नगरपालिका वडा नं. ३ मा रहेको पशुपति चौलागाईं स्मृति अस्पतालबाट प्रदान गर्ने सेवा प्रवाहलाई थप सहज तथा प्रभावकारी बनाउन बेड सिट १०० थान र बिरामी कुरुवा कभर ४० थान माग भई आएकोले बेड सिट १०० थान र बिरामी कुरुवा कभर ४० थान सि.नं. ३१ बाट खर्च गर्ने गरी यस कार्यालयबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२ : यस नगरपालिकाको सार्वजनिक क्षेत्र भित्रको विज्ञापन कर ठेक्का लगाउदा गत आ.व. को ठेक्का कबोल अंकलाई न्यूनतम् अंक मानी आगामी ३ (वर्ष) सम्म कायम हुनेगरी सम्झौता गर्ने गरी ठेक्का सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३३ : विविध

क) यस नगरपालिकाको प्रशासनिक भवन २ (दुई) को बाहिरी भाग, पर्खाल लगायत फर्निचरहरुमा रङ्गरोगन कार्यको प्राविधिक मूल्यांकन बमोजिम शि.नं. २९ बाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख) यस नगरपालिकाको आयोजनामा द एसिया फाउन्डेसन अन्तर्गत स्थानीय सरकार सबलीकरण कार्यक्रम लागू भएका सात प्रदेशका नगरपालिकाहरु सम्मिलित असल अभ्यास सिकाई आदानप्रदान राष्ट्रिय कार्यशाला गोष्ठीमा भएको खर्च यस नगरपालिकाको स्वीकृत आयोजना तथा कार्यक्रमको शि.नं.

१८८ बाट भुक्तानी गर्ने र नपुग रकम आगामी नगरसभामा पेश हुने गरी शि.नं. २१९ बाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिकामा रहेका निम्नानुसारको सवारी साधन मर्मत गरी सन्चालन गर्न नसक्ने अवस्थामा रहेकोले जिन्सी निरीक्षण प्रतिवेदनबाट उक्त सवारी साधन लिलाम गर्न सिफारिस भई आएकोले उल्लेखित सवारी साधनहरुको लिलाम प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१) ना.२ त २९२७ ट्याक्टर

२) बा १ झ ७२३० ल्याण्डकुञ्जर गाडी

३) बा २ झ ५४४४ सुमो

घ) भीमेश्वर नगरपालिका वडा नं. ८ साविक बोच गा.वि.स. भवनको पुरानो काठ र थोत्रा जस्ताहरुको मुल्यांकन गराई लिलाम प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ङ) दोलखा जिल्लाको धार्मिक तथा पर्यटकीय दृष्टिकोणले आस्थाको धरोहर कालिन्चोक भगवती मन्दिर र कुरी क्षेत्रमा आउने दर्शनार्थी तथा पर्यटकहरु कालिन्चोक मन्दिरबाट फर्किने क्रममा पर्यटकीय (स्थानीय सवारी साधन बाहेक) सवारी साधनहरुलाई देउरालीबाट चरिकोट बजार हुदै दोलखास्थित ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण भीमेश्वर मन्दिर समेत दर्शन गराउन एकतर्फी यातायात सन्चालन गर्न भीमेश्वर नगरपालिका वडा १ स्थित देउरालीमा प्रहरी अस्थायी पोष्ट निर्माण गर्नुपर्ने भएकोले यस नगरपालिकाको वार्षिक स्वीकृत आयोजना तथा कार्यक्रमको शि.नं. ११९ बाट प्राविधिक लागत अनुमान बमोजिमको रकम आगामी नगरसभामा पेश हुने गरी बजेट व्यवस्थापन गर्ने निर्णय गरियो । साथै उक्त पोष्ट निर्माणका लागि खरिद प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

च) लालीगुराँस युवा क्लव, चरिकोटले विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यक्रम सन्चालन गरी परम्परागत संस्कृति तथा जात्रापर्व जगेर्ना गर्ने कार्य गरिरहेकोमा आ.व. २०८२/०८३ को साउन महिनादेखि गठेमंगल, लाखेनाच, गाईजात्रा, कृष्णाष्टमी पर्व लगायत स्थानीय जात्रा पर्व सन्चालनका लागि आर्थिक सहयोग माग भई आएकोमा आगामी नगरसभामा पेश हुने गरी शि.नं. ४५ बाट रु ३,००,०००/- (तीन लाख) उपलव्ध गराउने निर्णय गरियो ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४७औं बैठक
मिति : २०८२/०८/१२

छ) भीमेश्वर नगरपालिकाका विभिन्न वडामा सन्चालित फुटबल प्रतियोगिता र यस नगरपालिकाको प्रतिनिधित्व गरी अन्य स्थानमा सन्चालित खेलकुद प्रतियोगितामा सहभागि भएका तपसिल बमोजिम प्रतियोगिता व्यवस्थापन खर्च उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | वडा/संस्था/क्लवको नाम | शीर्षक नं. | रकम रु |
|---|---|---|---|
| १ | इको टुरिजम प्रमोसन एण्ड रिसर्च सेन्टर, भीनपा ७ | १२० | ५०,०००/- |
| २ | टाइगर टिम तिखातल, भीनपा २ | १२० | ७५,०००/- |
| ३ | लालीगुराँस युवा क्लव, भीनपा ३ | १२० | १,७५,०००/- |
| ४ | ९ नं. वडा कार्यालय | १३८ र १९२ | १,००,०००/- |

ज) बागमती प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रममा बिनियोजन भएको बजेटबाट बजार क्षेत्र लगायत गरुडदल गणको १ नं. गेट क्षेत्रमा थप सिसिटिभी क्यामरा जडान गर्ने निर्णय गरियो ।

झ) भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी नगरसभामा पेश हुने गरी अनुमोदन गराउने गरी तपसिलको शीर्षकहरुबाट रकम उंपलव्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र. स. | आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | माग गर्ने निकाय | शीर्षक नं. | रकम रु |
|---|---|---|---|---|
| १ | काउले खानेपानी निर्माण तथा मर्मत, भीनपा ७ | उपभोक्ता समिति | ३०३ | २०,०००/- |
| २ | छिन्के सामुदायिक भवन शौचालय तथा भान्सा घर निर्माण, भीनपा ९ | उपभोक्ता समिति | २८१ (सि.नं. २७८ मा थप) | १,००,०००/- |
| ३ | उधौली पर्व व्यवस्थापन, भीनपा १ | राङराङथली हाम्रो थामी समाज | ४५ | ७५,०००/- |
| ४ | साखिने खानेपानी व्यवस्थापन | उपभोक्ता समिति | ३०३ | ६०,०००/- |
| ५ | ठुलोचौर- पाखे कृषि सडक मर्मत | उपभोक्ता समिति | ३०३ | ३०,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ६ | छाना व्यवस्थापन, सोक्ला | | १९२ | ५०,०००/- |
| ७ | खानेपानी व्यवस्थापन, उखुबारी | | १९२ | २५,०००/- |
| ९ | गौडे प्राकृतिक सामुदायिक वन (कार्यक्रम) | | १५६ | १,००,०००/- |

ञ) यस नगरपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम बमोजिम यस नगरपालिकाको सबै वडामा एक पशु प्राविधिक व्यवस्था गर्ने नीति अनुरुप मिति २०८२/०४/१९ गते प्रकाशित (विज्ञापन नं. ०१/०८२-०८३) पशु सेवा स्वयंसेवक परिचालन गर्ने सम्वन्धी सूचना बमोजिम मिति २०८२/०५/०७ गते प्रकाशित नतिजा मार्फत थप जनशक्ति लिई ८ वटा वडामा पशु सेवा प्राविधिक व्यवस्थापन भएको र बागमती प्रदेश लोक सेवा आयोगमा १ जना मत्स्य तर्फको पशु सेवा प्राविधिकको माग गरी पठाईएकोमा सिफारिस भई आई नसकेकोले हाल वडा नं. ७ मा प्राविधिक व्यवस्थापन हुन नसकी सेवा प्रवाह हुन नसकिरहेको हुँदा मिति २०८२/०५/०७ गते प्रकाशित नतिजाको बैकल्पिक उम्मेदवार सि.नं. १ को उम्मेदवारलाई पशु सेवा स्वयंसेवकको रुपमा तोकिएको पारिश्रमिक पाउने गरी सम्झौता गरी काममा लगाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ट) चरिकोट र दोलखाको मुख्य बजार क्षेत्र तथा आसपासको सडक क्षेत्रको दैनिक सरसफाईका लागि नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक आन्तरिक स्रोतबाट उपलव्ध गराउने गरी दैनिक ज्यालादारीमा जनशक्ति व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ठ) परामर्शदाताबाट तयार भएको भीमेश्वर नगरपालिकाको स्थानीय अनुकुलन योजना (LAPA) को विज्ञबाट रुजु एवम् परीक्षण गर्नु पर्ने भएकोले स्थानीय अनुकुलन योजना (LAPA) अन्तिम रुप दिन नियमानुसार सम्वन्धित विषय विज्ञको सेवा लिने निर्णय गरियो ।

ड) भीमेश्वर नगरपालिकाको आयोजना तथा द एसिया फाउन्डेसनको स्थानीय सरकार सवलीकरण कार्यकमको सहकार्यमा कार्यक्रम सन्चालन भएका सात प्रदेशका नगरपालिकाहरुको सहभागितामा मिति २०८२ कार्तिक २७-२८ मा यस नगरपालिकामा सन्चालन भएको स्थानीय सरकार असल अभ्यास आदानप्रदान राष्ट्रिय कार्यशाला सन्चालनमा सहयोग तथा सहकार्यका लागि द एसिया फाउन्डेसन /स्थानीय सरकार सवलीकरण कार्यकमलाई धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर नारायण मानन्धर
नगर प्रमुख